मेरो खुसी
www.merokhusi.com
विकास र समृद्धिको संवाहक

01.11.2023

# शाहरुख र सलमान खान भेट्ने भन्दै भारत गएको छोरो १४ वर्षपछि घर फर्केपछि...

मेरो खुसी । १४ कार्तिक, २०८० मंगलवार १६:४८ मा प्रकाशित



*बाँकेको खजुरा गाउँपालिका-२ बहादुरगञ्ज (सैनिक)का १४ वर्षपछि परिवारको सम्पर्कमा आएका आकाश आलेलाई बुवा अशोक आलेको जिम्मा लगाउँदै श्रद्धा रिहँबिलिटेशन फाउण्डेसन मुम्बइका समाजकर्ता सकिल अहमद*

**नेपालगन्ज**: ११ वर्षको उमेरमा भारत गएका बाँकेको एक युवा १४ वर्षपछि घर फर्केका छन् । बलिउड नायकद्वय सलमान खान र शाखरुख खानलाई भेट्ने भन्दै घर छोडेर भारत गएका खजुरा गाउँपालिका-२ बहादुरगञ्ज (सैनिक)का अशोक आलेका छोरा आकाश आले घर फर्केका हुन् । घर छोडे यता कुनै अत्तोपत्तो नै थिएन । हराएको छोरो भेटिँदा उनमा खुसीको सीमा नै छैन । 'गाउँघरमा हेराउनेले दक्षिणतिर छ भनेका थिए । छोरो मान्छे हो । इण्डियातिर भए एकदिन पक्कै आउँछ भन्ने लागेको थियो', नेपालगन्ज बसपार्कको पश्चिम दक्षिणी मूल गेटमा आफन्तहरुसहित छोरा लिन आएका बेला भेटिएका बावु अशोकले आशावादी हुँदै भने, 'लाड प्यारले हुर्काएका थियौं । जिउँदो भए एक न एकदिन अंश खोज्दै आउँछ भन्ने लागेको थियो । छोरो फर्कियो । निकै खुसी छु ।' बलिउड नायकलाई भेट्ने सपना अधुरै रहेका आकाश दिल्लीमा कुलतमा फस्छन् । त्यसपछि उनको जागिर पनि जान्छ । २५ जुन २०२३ मा उनलाई श्रद्धा रिहँबिलिटेशन फाउण्डेसन मुम्बइको टोलीले उद्दार गरेर दिल्लीस्थित अपना घर आश्रममा राखेर बरिष्ठ मानसिक रोग विशेषज्ञ डा.भरत भटवानीले चार महिना उपचार गर्छन् । डा. भटवानीले परिवारसँग पुनर्मिलन गराउन अनुमति दिएपछि फाउण्डेसनबाट समाजकर्ता सकिल अहमद नेपाल आएका हुन् ।



'हाम्रो टोलीले सडकमा नशाले लठ्ठ भएको बेला उद्दार गरेका थियौं । मानसिक अवस्था कमजोर थियो । घर, परिवार र जिल्ला पनि भन्न सक्दैनथ्यो', अहमदले प्रष्ट पारे, 'सुरुमा त घर शिवपुरी काठमाडौं भन्यो । ठाउँ पत्ता लगाउन खोज्यौं, भेटेनौं । हामीले हिम्मत हारेनौं । खोज्दै जाँदा घर परिवार पत्ता लाग्यो ।'

